Te Tari Matawaka
Office of Ethnic Communities

**जातीय समुदायका कार्यालयले डिजिटल समावेशीकरण कोष जारी गर्दछ**

- जातीय समुदायको कार्यालयले जातीय समुदाय डिजिटल समावेशीकरणको कोष प्रक्षेपण गरेको छ ।
- कोषको उद्देश्य जातीय समुदायले Aotearoa न्युजिल्यान्डमा डिजिटल प्रविधिको प्रयोग गर्न उनीहरूको विश्वास बढाउनु हो ।
- कोषको प्राथमिकताहरू जातीय समुदायहरूलाई यी कुराहरू सुनिश्चित गर्नु हो:
    - आधारभूत डिजिटल ज्ञान- कसरी उचित र लाभदायक तरिकाले डिजिटल प्रविधि तथा इन्टरनेट को उपयोग गर्ने सम्बन्धमा **सीप** तथा डिजिटल जानकारी दिनु;
    - डिजिटल प्रविधि तथा इन्टरनेट मार्फत विभिन्न अवसरहरू पहुँच गर्न, मद्दत गर्न सक्छ भनेर बुझ्न **उत्प्रेरित** गर्नु;
    - इन्टरनेट, अनलाइन सेवाहरू तथा डिजिटल साक्षरतामा **विश्वास** बढाउने र आफ्नो व्यक्तिगत जानकारी व्यवस्थापन गर्न सक्ने ।
- तपाईको परियोजनाले कोषको उद्देश्य र कम्तीमा एक प्राथमिकतालाई समर्थन गरेको हुनुपर्छ । परियोजना मूल्याङ्कन रूपरेखामा आधारित हुनुपर्छ ।
- उपलब्ध कोषको कुल जम्मा रकम $२००,००० डलर हो र यो रकमलाई ३० जून २०२१ भित्र वितरण भइसकेको हुनु पर्नेछ ।
- कोषका लागि आवेदन भर्ने अन्तिम मिति **बुधबार, २८ अप्रिल २०२१ बेलुकी ११:५९ रहेको छ** । आवेदनका निर्णयहरू यस मिति पछि हुनेछन र कोष आवेदकहरूलाई जुन महिनामा सूचित गरिनेछ ।
- थप जानकारी तथा आवेदनको लागि Office of Ethnic Communities website वेबसाइट भ्रमण गर्नुहोस् ।

यो सन्देश आन्तरिक मामला विभाग बहुभाषी सुचना सञ्जालको अनुवाद सेवाहरूद्वारा अनुवाद गरिएको छ । थप जानकारीका लागि एथनिक कम्युनिटीहरूको (Office of Ethnic Communities website) वेबसाइटको भ्रमण गर्नुहोस् ।